# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

नगर कालिका नगरपालिका कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/१२/२९**

यस कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल अनुसारका अनुदान कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी /कृषि फर्म/कम्पनी तथा कृषि उद्यमीहरुहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८२/०१/१२ गते कार्यालय समयभित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुहुन अनुरोध गरिन्छ। पुनश्चः आवेदन साथ आवेदन फाराममा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी पेश गर्नुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै गत आ.व. मा यस कालिका नगरपालिका कृषि विकास शाखाबाट कुनै किसिमको अनुदान नलिएका कृषक/कृषक समूह/कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई प्राथमिकता दिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कागती खेती गर्ने कृषकलाई बेर्ना तथा बोर्डो पेन्टमा ५०% अनुदान कार्यक्रम | कुल लागतको बढीमा ५० % सम्म अनुदान उपलब्ध हुने। | १,७६,६००।- | |

२०८१।१२।२९

.........................
(देवराज चौलागाई)
प्रमुख प्रशासकीय अधिकृत

**संलग्न गर्नु पर्ने कागजातहरुः**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२. नेपाली नागरिकताको प्रतिलिपी
३. जग्गाको लालापूर्जा र जग्गा भाडामा लिई करार सम्झौता गरि व्यवसायिक खेती गरेको हकमा सम्झौता पत्रको प्रतिलिपि।
४. संस्थाको हकमा कार्यसमितीको बैठक निर्णयको प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता
५. वडा कार्यालयको सिफारिस
६. अन्य आवश्यक कागजात सम्बन्धित कार्यक्रमको प्रस्ताव आवेदन फाराममा उल्लेख गरिएको छ।

द्रष्टव्यः निवेदन र प्रस्ताव यस नगरपालिका कृषि विकास शाखाले तयार पारेको निर्दिष्ट ढाँचामा पेश गर्नु पर्नेछ। निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढाँचा यस नगरपालिकाको कृषि विकास शाखा, सम्बन्धित वडा कार्यालय, कृषि सहकारी, कालिका नगरपालिकाको फेसबुक पेज, कृषि शाखाको फेसबुक पेज र पालिकाको वेवसाईट बाट प्राप्त गर्न सकिनेछ।



CamScanner